नेपाल नागरिक उड्डयन प्राधिकरण

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको

सिलबन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०८१/०३/०२)

(पहिलो पटक म्याद थपको सूचना प्रकाशित मिति २०८१/०३/३१)

(दोस्रो पटक म्याद थपको सूचना प्रकाशित मिति २०८१/०४/३०)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ प्रथम तलामा साविकमा ओम नव दुर्गा इन्टरप्राइजेजद्वारा सञ्चालित Duty Paid Shop रहेको २२.१३९ (बाईस दशमलव एक तीन नौ) व.मि.क्षेत्रफलमा करयुक्त (Duty Paid) सामानहरुको विक्री कक्ष सञ्चालन गर्ने कार्यको लागि आयमूलक ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका ईच्छुक फर्म/संस्था/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

**शर्तहरु**

१.यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंङ्क, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा रु. ५,६५०/— (अक्षेरेपीः पाँच हजार छ सय पचास रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), नवीकरण सहितको संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि, विगत ५ वर्षदेखि स्वदेशी तथा विदेशी मदिराजन्य बस्तुको थोक तथा खुद्रा बिक्री गर्न अन्तःशुल्क इजाजत पत्रको अनुमति प्राप्त गरी विगत ५ वर्षदेखि लगातार व्यवसाय सञ्चालन गरेको तथा विगत पाँच वर्षको अवधिमा कम्तीमा रु. ५,३०,००,०००/ (अक्षेरेपीः पाँच करोड तीस लाख रुपैंया) बराबरको कारोबार भएको प्रमाण खुल्ने कागजात पेश गर्नुपर्नेछ ।यस प्राधिकरणलाई भुक्तानी गर्न बाँकी बक्यौता नरहेको प्रमाण सहित बोलपत्र फाराम खरिदका लागि निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.बोलपत्र साथ रजिस्टर्ड फर्म/कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, सम्बन्धित निकायबाट स्वदेशी तथा विदेशी मदिरा तथा मदिराजन्य बस्तुको खरिद विक्री गर्ने अन्तःशुल्क इजाजत पत्रको अनुमति प्राप्त गरी विगत ५ वर्षदेखि लगातार व्यवसाय सञ्चालन गरेको तथा लगातार विगत पाँच वर्षको अवधिमा कम्तीमा रु.५,३०,००,०००/ (अक्षेरेपीः पाँच करोड तीस लाख रुपैंया) बराबरको कारोबार भएको प्रमाण खुल्ने कागजात हुनुपर्ने र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेस गर्नु पर्नेछ ।

३. करयुक्त (Duty Paid) पसल सञ्चालनको लागि ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ ।सो अवधिको न्यूनतम ठेक रकम रु. ७,५६,७१,१८०.४०/- (अक्षेरेपी: सात करोड छपन्न लाख एकहत्तर हजार एक सय अस्सी रुपैंया पैसा चालिस) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कूल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको मूल्य वृद्धि सूचकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ । बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुनेछ ।

४.यस प्राधिकरणलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्म/संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म/संस्था वा कम्पनीले सो बक्यौता फर्छ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नुपूर्व पेस गर्नुपर्नेछ ।

५.बोलपत्र साथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१०००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६.बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) औ दिनको कार्यालय समय भित्र खरिद गरी ३१ (एकत्तीस) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकत्तीस) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७.दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८.बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०.यस सूचना बमोजिम आह्वान भएको बोलपत्र जुनसुकै अवस्थामा जुनसुकै कारणले कार्यालयले रद्द गर्न वा स्थगित गर्न सक्नेछ । यसरी रद्द वा स्थगित भएमा सबै बोलपत्रदातालाई सार्वजनिक सूचना मार्फत सो सम्बन्धी जानकारी दिइनेछ ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१३. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।

१४. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१५. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।